**आकाशवाणी समाचार- नेपाली**

मितिः २६ मई २०२५

समयः ०७.२५ - ०७.३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१. राष्ट्रपति द्रौपदी मुर्मुले आज राष्ट्रपति भवनको सांस्कृतिक केन्द्रमा साहित्य सम्मेलनको उद्घाटन गर्नु हुनेछ।

२. प्रधानमन्त्री नरेन्द्र मोदीले आज सिक्किम र पश्चिम बङ्गालको अलिपुरद्वारको भ्रमण गर्नुहुनेछ ।

३. आर्थिक मामिलासम्बन्धी मन्त्रिमण्डलीय समितिले चौध खरीफ फसलहरूको न्यूनतम समर्थन मूल्य (MSP) मा वृद्धिलाई मन्जुरी दिएको छ।

४. पाकिस्तान प्रायोजित आतङ्कवादविरुद्ध भारतको वैश्विक अभियान अन्तर्गत प्रतिनिधिमण्डलको भ्रमण जारी रहेको छ।

५. फ्रेन्च ओपन टेनिसमा भारतका युकी भाम्बरी र उनका अमेरिकी जोडी रोबर्ट गैलवेले बिजयी शुरुवात गरेका छन्।

**राष्ट्रपति-साहित्य सम्मेलन**

राष्ट्रपति द्रौपदी मुर्मुले आज राष्ट्रपति भवनको सांस्कृतिक केन्द्रमा साहित्य सम्मेलनको उद्घाटन गर्नु हुनेछ। दुई दिने सम्मेलनमा कवि सम्मेलनमा, भारतको नारीवादी साहित्य, साहित्यमा परिवर्तन विरुद्ध परिवर्तनको साहित्य र विश्वव्यापी परिप्रेक्ष्यमा भारतीय साहित्यको नयाँ दिशा जस्ता धेरै सत्रहरू हुनेछन्। सम्मेलन देवी अहिल्याबाई होल्करको गाथासँगै समापन हुनेछ। राष्ट्रपति भवनले साहित्य अकादमीसँगको सहकार्यमा यो दुई दिने सम्मेलन आयोजना गर्दैछ। उद्घाटन समारोहमा संस्कृति तथा पर्यटन मन्त्री गजेन्द्र सिंह शेखावत र देशभरका साहित्यकारहरू पनि उपस्थित हुनेछन्।

**प्रधानमंत्री सिक्किम यात्रा**

प्रधानमन्त्री नरेन्द्र मोदी आज सिक्किमको राजधानी गान्तोकमा "**सिक्किम के 50 वर्ष: प्रयोजनमूलक प्रगति और प्रकृति के साथ विकास" अर्थात** "सिक्किमका ५० वर्ष: प्रकृतिसँग उद्देश्यपूर्ण प्रगति र विकास" को कार्यक्रममा भाग लिनुहुनेछ। कार्यकरमा उहाँले केही विकास परियोजनाको उद्घाटन गर्नुहुनेछ भने केही परियोजनाको शिलान्यास गर्नुहुनेछ भने श्री मोदीले एक जनसभालाई पनि सम्बोधन गर्नुहुनेछ।

बाइट

सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङका राजनीतिक सचिव विकास बस्नेतले प्रधानमन्त्रीलाई स्वागत गर्न र सुन्न जनता आतुर रहेको बताउनु भयो।

(बाइट बिकास बस्नेत )

त्यसपछि मोदीले पश्चिम बङ्गालको भ्रमण गर्नुहुनेछ जहाँ उहाँले अलीपुरद्वार र कूचबिहार जिल्लामा शहरको ग्यास वितरण परियोजनाहरूको शिलान्यास गर्नुहुनेछ। यी परियोजनाहरूको लागत १०१० करोड भन्दा अधिक रहेको छ। यसले यस क्षेत्रमा सुविधाजनक, भरपर्दो, वातावरणमैत्री र लागत प्रभावी ईन्धन आपूर्ति सुनिश्चित गर्नुका साथै रोजगारीका अवसरहरू पनि सिर्जना

गर्नेछ। यसबाहेक उहाँको बिहारको भ्रमण गर्नुका साथै पटना विमानस्थलको नयाँ टर्मिनल भवनको उद्धाटन साँझ ५:४५ बजे गर्ने कार्यक्रम छ । भ्रमणका क्रममा प्रधानमन्त्री मोदीले पटना विमानस्थलको नयाँ टर्मिनल भवनको उद्धाटन गर्नुहुनेछ ।

**प्रधानमंत्री-प्रगति**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो प्रगति बैठकको अध्यक्षता गर्नुभयो । बैठकमा 62 हज़ार करोडभन्दा अधिकका पूर्वाधार परियोजनाहरूको समीक्षा गरिएको थियो। यी आयोजनाहरू देशभरका सडक यातायात, विद्युत् र जलस्रोतसँग जोडिएका छन् । बैठकमा श्री मोदीले कार्यान्वयनका अवरोधहरू हटाउन ठोस प्रयासको आवश्यकता रहेको बताउनुभयो भने परियोजना पुरा हुन ढिलाइ हुँदा लागत बढ्ने र सर्वसाधारणलाई अत्यावश्यक सेवाबाट बञ्चित हुने गरेको उहाँको भनाइ थियो ।भारतीय रियल इस्टेट रेगुलेटरी अथोरिटीसँग सम्बन्धित जनगुनासोको समीक्षा गर्दै प्रधानमन्त्री मोदीले गुणात्मक र समयबद्ध तरिकाले गुनासोहरूको समाधान गर्न आवश्यक रहेको बताउनुभयो भने उहाँले सबै रियल इस्टेट परियोजनाहरूको अनिवार्य दर्तामा जोड दिनुभयो।बैठकमा प्रधानमन्त्री मोदीले सेमीकन्डक्टर क्षेत्रमा भएको प्रगतिको पनि समीक्षा गर्नुभयो । यसका साथै कुनै पनि क्षेत्रको उत्कृष्ट कार्यशैली अन्य राज्यका लागि प्रेरणाको स्रोत बन्न सक्ने र यसले राष्ट्रिय सेमीकन्डक्टर मिसनलाई मजबुत बनाउने उहाँले बताउनु भयो । हालसम्म प्रगति बैठकहरूमा २० लाख करोड भन्दा अधिकका ३७३ परियोजनाहरूको समीक्षा गरिएको छ।प्रगति केन्द्र र राज्य सरकारहरूको साझेदारीमा शासन र समयबद्ध कार्यान्वयनको समीक्षा गर्ने मञ्च हो।

**प्रधानमंत्री-ढींडसा**

प्रधानमन्त्री नरेन्द्र मोदीले पूर्व केन्द्रीय मन्त्री सुखदेव सिंह ढिण्डसाको निधनप्रति दुःख व्यक्त गर्नुभएको छ । श्री मोदीले ढिंडसा पञ्जाबको संस्कृतिसग जिडेको एक महान राजनीतिज्ञ रहेको तथा उहाँ सार्वजनिक सेवामा समर्पितरहेको बताउनु भयो भने श्री धिंडसाले ग्रामीण विकास र सामाजिक न्याय जस्ता मुद्दाहरूमा काम गरेर देशको सामाजिक संरचनालाई बलियो बनाउन हर सम्भव प्रयास गरेको उल्लेख गर्नुभयो।पञ्जाबको मोहालीस्थित एक अस्पतालमा ढिण्डसाको हिजी निधन भएको हो ।उहाँ ८९ वर्षका हुनुहुन्त्यो ।

**(MSP)**

आर्थिक मामिलासम्बन्धी मन्त्रिमण्डलीय समितिले चौध खरीफ फसलहरूको न्यूनतम समर्थन मूल्य (MSP) मा वृद्धिलाई मन्जुरी दिएको छ। सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले नयाँ दिल्लीमा किसानहरूलाई उनीहरूको उत्पादनको उचित मूल्य सुनिश्चित गर्न यो वृद्धि गरिएको बताउनु भयो ।

**सर्वदलीय प्रतिनिधिमंडल**

पाकिस्तान प्रायोजित आतङ्कवादविरुद्ध भारतको वैश्विक अभियान अन्तर्गत प्रतिनिधिमण्डलले हालसम्म जापान, दक्षिण कोरिया र सिंगापुरको भ्रमण गरिसकेको छ । यसैबीच जनता दल युनाइटेडका सांसद सञ्जय झाको नेतृत्वमा सर्वदलीय संसदीय प्रतिनिधिमण्डल इन्डोनेसियाको जकार्ता पुगेका छन ।

यसैगरी भाजपा सांसद रविशंकर प्रसादको नेतृत्वमा रहेको अर्को सर्वदलीय प्रतिनिधिमण्डलले रोममा सिनेटको विदेश मामिला तथा रक्षा समितिका अध्यक्ष स्टेफानिया क्रैग्सीसँग भेटवार्ता गरेको छन । भारतीय प्रवासियसँगको अन्तक्रियामा श्री रविशंकर प्रसादले पाकिस्तानमा आतंकवादलाई राज्यको नीतिको रूपमा अगाडि बढाइएको बताउनु भयो।

बाइट

**वित्त-बीमा**

वित्त मन्त्री निर्मला सीतारमणले हिजो नयाँ दिल्लीमा सार्वजनिक क्षेत्रका साधारण बीमा कम्पनीहरुसँग समीक्षा बैठक गर्नुभयो । बैठकले प्रिमियम संकलन, बीमा कभरेजमा भएको वृद्धि र दाबी अनुपातको समीक्षा गरेको छ । यी बीमा कम्पनीहरुले चालु वर्षमा १ लाख करोड भन्दा अधिक प्रिमियम प्राप्त गरेका छन् जुन सन् २०१९ मा 80 हजार करोड मात्र थियो । वित्त वर्ष २०२४-२५ मा समग्र साधारण बीमा उद्योगमा कुल प्रिमियम संकलन ३ लाख करोड रुपैयाँ नाघेको छ ।समीक्षाका क्रममा वित्तमंत्रीले सार्वजनिक क्षेत्रका सबै साधारण बीमा कम्पनीहरुको डिजिटल रूपान्तरणको खाँचो रहेको भन्दै सेवा प्रवाह र दक्षतामा सुधार ल्याउन आवश्यक

रहेको बताए। सीतारमणले कम्पनीहरूलाई नयाँ बीमा उत्पादनहरू विकास गर्न पनि निर्देशन दिनुभयो जुन उदीयमान जोखिमहरूसँग मेल खान्छ।

**विदेशमन्त्री**

विदेशमन्त्री सुब्रह्मण्यम जयशंकरले आतंकवादी कार्यहरूबाट आफ्ना जनताको रक्षा गर्ने भारतको अधिकारलाई विश्वभरका देशहरूले मान्यता दिएको बताएका छन्। नयाँ दिल्लीमा, डा. जयशंकरले जम्मू कश्मीरको पहलगाम आतंकवादी हमलापछि इटालीले भारतलाई दिएको एकजुटता र समर्थनको कदर गर्नुभयो।

**नेपाल-सदन बैठक स्थगित**

'भिजिट भिसा घोटाला'मा मुछिएका नेपालको गृहमन्त्री रमेश लेखकको राजीनामा माग गर्दै विपक्षी सांसदले अवरोध जारी राखेपछि प्रतिनिधिसभाको बैठक आज दिउँसो १:३० बजेसम्मका लागि स्थगित गरिएको छ। प्रमुख विपक्षी दलले गृहमन्त्री लेखकको राजीनामा माग गरेको छ।यसैबीच गृहमन्त्री लेखकले भिजिट भिसा घोटालाको अनुसन्धानमा सहयोग गर्न आफू तयार रहेको बताउनु भएको छ।

**अमेरिका - भिसा प्रतिबन्ध**

संयुक्त राज्य अमेरिकाले अमेरिकी नागरिकहरूलाई सेन्सर गरेको आरोप लागेका विदेशी अधिकारीहरूलाई लक्षित गर्दै नयाँ भिसा प्रतिबन्धहरू घोषणा गरेको छ। अमेरिकी विदेशमन्त्री मार्को रुबियोले यी उपायहरूको अनावरण गर्नुहुँदै अमेरिकीहरूलाई आफ्नो अभिव्यक्ति स्वतन्त्रता प्रयोग गरेकोमा विदेशी अधिकारीहरूले जरिवाना, उत्पीडन र शुल्कसमेत लगाएको बताउनुभयो।

**फ्रेंच ओपन टीम**

फ्रेन्च ओपन टेनिसमा भारतका युकी भाम्बरी र उनका अमेरिकी जोडी रोबर्ट गैलवेले पुरुष डबल्सले बिजयी शुरुवात छन्। यो जोडीले रोबिन हासे र हेन्ड्रिक जाबेन्सको जोडीलाई पराजित गरेका हुन्।

रोहन बोपन्ना र चेक रिपब्लिकका एडम पाभ्लासेकको जोडीले पनि अमेरिकाका रॉबर्ट कैश र जे.जे. ट्रेसी जोडीलाई हराउँदै दोस्रो चरणमा प्रवेश गरेकी हुन्।